नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखा)

फोन { ४२००३०९ ४२००२८१

पत्र संख्या:- ०७४/०७५

चलानी नं.:- ९०

मिति: २०७४|०५|०६

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।

श्री महानगरपालिका, उपमहानगरपालिका तथा नगर कार्यपालिकाको कार्यालय, सबै ।

**विषय: स्थानीय सेवा प्रदायक संस्था र सामाजिक परिचालकको बजेट सम्वन्धमा ।**

प्रस्तुत सम्वन्धमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को च.नं. ३८ मिति २०७४|०५|०४ को पत्रवाट LGCDP को TSNGP अन्तर्गत चालु आर्थिक वर्ष २०७४/०७५ को वार्षिक कार्यक्रम (ASIP) स्वीकृत भइ आए अनुसार स्थानीय सेवा प्रदायक संस्था र सामाजिक परिचालकको बजेट सम्वन्धमा निम्नानुसार हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७४|०५|०६ को निर्णय अनुसार अनुरोध गर्दछु :-

१. कुनै स्थानीय सेवा प्रदायक संस्थाको कार्य क्षेत्र एक भन्दा वढी गाउँपालिका वा नगरपालिकामा परेको अवस्थामा जिल्ला समन्वय समितिले सम्वन्धित स्थानीय सेवा प्रदायक संस्थासंग नै २०७४ श्रावणदेखि कार्तिक मसान्तसम्मका लागि सम्झौता गरी तोकिएका गाउँपालिका अथवा नगरपालिकामा काम गर्ने व्यवस्था मिलाउने । यसका लागि स्थानीय सेवा प्रदायक संस्था र सामाजिक परिचालकको नियमानुसारको बजेट आर्थिक प्रशासन शाखा मार्फत Outcome २, Output ४.१.२. अन्तर्गतको बजेटबाट जिल्ला समन्वय समितिको कार्यालयमा पठाइने छ । निकाशा भएको बजेटबाट जिल्ला समन्वय समितिले स्थानीय सेवा प्रदायक संस्था र सामाजिक परिचालकहरुको पारिश्रमिक भुक्तानीको व्यवस्था मिलाउने ।

२. एउटै नगरपालिकामा मात्र कार्यक्षेत्र भएका स्थानीय सेवा प्रदायक संस्थासंग नगरपालिकाले साविककै व्यवस्था अनुसार २०७४ श्रावणदेखि कार्तिक मसान्तसम्मका लागि सम्झौता गरी कार्य गर्ने गराउने । यस प्रयोजनका लागि नियमानुसारको बजेट आर्थिक प्रशासन शाखावाट TSNGP Outcome २, Output ४.१.२ अन्तर्गतको वजेटबाट महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकामा पठाइने छ ।

३. यस वमोजिम कार्यान्वयन गर्न कुनै समन्वय गर्नुपर्ने भएमा जिल्ला समन्वय समिति, गाउँपालिका र नगरपालिकाको आपसी परामर्शमा कार्यान्वयन गर्न सकिने छ ।

नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं

फोन { ४२००३०९
४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

४. यस व्यवस्था अनुसार आवश्यक पर्ने स्थानीय सेवा प्रदायक संस्था र सामाजिक परिचालकहरुको संलग्न ढाँचा बमोजिमको विवरण प्रादेशिक समन्वय इकाई मार्फत मन्त्रालयमा यथाशिघ्र उपलव्ध गराउन हुन र सो विवरणका आधारमा शिघ्र बजेट उपलव्ध गराइने छ ।

५. साथै यस सम्वन्धमा अन्य व्यवस्था मन्त्रालयको मिति २०७४।३।२३, च.नं ६६।०७३।०७४ को पत्रानुसार अनुसार गर्न गराउन हुन् अनुरोध छ ।

(सुमन घिमिरे)
उप–सचिव

**<u>बोधार्थ तथा कार्यार्थ:</u>**

- श्री आर्थिक प्रशासन शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
- श्री गाउँ कार्यपालिकाको कार्यालय, सवै ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई, ववरमहल ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, *प्रादेशिक समन्वय इकाई* -सवैः सहजिकरण र समन्वयको व्यवस्था हुन अनुरोध ।
- सूचना तथा विद्युतिय प्रशासन शाखा : website मा राखिदिनुहुन अनुरोध छ।

## जिल्ला समन्वय समिति ................

सामाजिक परिचालक र स्थानीय सेवा प्रदायक संस्था सम्व विवरण

| जिल्ला | सम्झौता भएका स्थानीय सेवा प्रदायक संस्था ( संख्या) | कार्यरत सामाजिक परिचालक ( संख्या ) | जिम्मेवारी तोकिएका कार्य क्षेत्र -नगरपालिका र गाउँपालिका (संख्या ) |
|---|---|---|---|
| | | | |

........................................
तयार गर्ने

...............................
प्रमाणित गर्ने

## ...................... नगरपालिका

| नाम | सम्झौता गरेका स्थानीय सेवा प्रदायक संस्था संख्या | कार्यरत सामाजिक परिचालक संख्या | जिम्मेवारी तोकिएका वडा (संख्या ) |
|---|---|---|---|
| | | | |

........................................
तयार गर्ने

...............................
प्रमाणित गर्ने